# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठुलाचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

गण्डकी प्रदेश, नेपाल

मितिः २०७७/०५/१६

कोभिड-१९ सम्बन्धि अत्यन्त जरुरी सूचना !

जिल्ला प्रशासन कार्यालय पर्वत, कुश्मा को प.सं २०७७/७८, च.नं ५७०, मिति २०७७/०५/१५ को पत्रानुसार जिल्ला संकट व्यवस्थापन समन्वय समिति, पर्वतको मिति २०७७/०५/१५ को निर्णयहरु यसै पत्रसाथ संलग्न गरीएको हुँदा सोही बमोजिमका कार्यहरु गर्नु गराउनुहुन सम्बंन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

२०७७/०५/१६

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

जितबहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. : ०६७-४११११०१, ०६७-४११११०२, वेबसाइट : www.paiyunmun.gov.np, इमेल : paiyungapa@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

फोन नं. ०६७-४२०१३३, ४२०१३४, ४२११७२
फ्याक्स नं. ०६७-४२०३०३

प.सं.:- २०७७/०७८ /प्रशासन
च.नं.:- ५७०

मिति:- २०७७/०५/१५

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कुश्मा, पर्वत

विषय : निर्णय पठाइएको सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,

पर्वत ।

प्रस्तुत विषयमा जिल्ला संकट व्यवस्थापन समन्वय समिति, पर्वतको मिति २०७७।०५।१५ गते बसेको बैठकको निर्णय पाना-१ यसै साथ संलग्न गरी जानकारी एवं आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७७/०५/१५

घनश्याम गौतम
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कुश्मा, पर्वत

<u>निर्णयहरु</u>

पर्वत जिल्लामा बारम्बार विभिन्न कामले बढि मानिसहरु आवतजावत गर्ने बाग्लुङ, कास्की, स्याङ्जा, काठमाण्डौ र तराईका केही जिल्लाहरु लगायतमा कोभिड १९ को संक्रमण तीव्रगतिमा फैलिरहेको अवस्था रहेको छ। अत: यस जिल्लामा अन्य जिल्लाबाट आउने मानिसहरुको आवतजावतलाई नियन्त्रण नगर्ने हो भने यस जिल्लामा पनि संक्रमण फैलिन सक्ने संभावना रहेको र समय समयमा मानिसहरुको आवतजावतलाई नियन्त्रण गर्दा कोभिड १९ को संक्रमण वढ्न नदिन सहयोग पुग्ने चिकित्सकको भनाइ समेतलाई दृष्टिगत गरी जिल्ला संकट ब्यवस्थापन समन्वय समिति (DCCMC) ले देहायका निर्णय गरी आज २०७७ भाद्र १५ गते राती १२ बजेबाट लागू गर्ने निर्णय गरियो ।

३. यस जिल्लाभित्र प्रवेश गर्ने सबै सीमानाकाहरुमा चेकजाँच कडा गर्ने ।

४. विरामी, काजक्रिया, अत्यावश्यक सेवा र पास वा अनुमती लिएको ब्यक्ति वा सवारी साधन वाहेक अन्यलाई जिल्ला प्रवेशमा रोक लगाउने ।

३ जिल्ला सञ्चालन हुने सबै भाडाका सवारी साधनहरु हाल १ हसासम्मलाई सञ्चालनमा रोक लगाउने ।

४ अन्य जिल्लाबाट यस जिल्लामा कुनै ब्यक्ति लुकिछिपी वा विना अनुमिति आएको पाइएमा त्यस्ता ब्यक्तिले पालिकाले भनेको स्थान वा क्वारेन्टिनमा कम्तिमा ७ दिन वस्ने र खर्च स्वयमले ब्यहोर्ने ।

५ वचत तथा ऋण सहकारी संस्थाका कर्मचारीहरु कामको सिलसिलामा घर घर जानुपर्ने हुदा यसबाट कोभिड १९ को संक्रमण फैलिने संभावना भएकोले हाललाई उनीहरुको काम रोक्न पालिकालाई लेखि पठाउने ।

६ यस जिल्लामा अन्येत्रबाट कोहि लुकिछिपि वा विना अनुमति आएको पाइएमा सम्बन्धित वडा वा पालिका वा नजिकको प्रहरीमा जानकारी दिन सबैमा अनुरोध गर्ने ।

शम्भु प्रसाद रेग्मी
प्रमुख जिल्ला अधिकारी